राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २८ २०८३ साउन ३१ गते आईतवार (16 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## उखु किसानको ७५ करोड अनुदान बक्यौता



दैनिक समाचारदाता
सर्लाही, ३० साउन । देशभरका उखु किसानले कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीसँग भेट गरी दुई वर्षअघिको बक्यौता अनुदान रकम उपलब्ध गराउन माग गरेका छन्।

उखु क्रसिङ सिजन २०८१/८२ को करिब ७५ करोड रुपैयाँ अनुदान रकम अझै भुक्तानी हुन बाँकी रहेको उखु किसानको दाबी छ। सरकारले हरेक वर्ष उखु उत्पादनबापत प्रतिक्विन्टल ७० रुपैयाँ अनुदान दिँदै आए पनि दुई वर्षअघि किसानले प्रतिक्विन्टल ३५ रुपैयाँ मात्र प्राप्त गरेको बताएका छन्।

अघिल्लो सरकारले बजेट अभावको कारण देखाउँदै बाँकी अनुदान रकम उपलब्ध नगराएको किसानको गुनासो छ। वर्तमान सरकारले उक्त रकम भुक्तानी गर्ने आशा बोकेर आफूहरू काठमाडौँ पुगेको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिए।

बक्यौता अनुदान रकम भुक्तानीको माग गर्दै विभिन्न जिल्लाका उखु किसानका प्रतिनिधिले कृषि मन्त्रालयमै पुगेर मन्त्री चौधरीलाई ज्ञापनपत्र बुझाएका हुन्। मन्त्री चौधरीले बक्यौता रकमका विषयमा अध्ययन तथा छलफल गरी भुक्तानीको पहल गर्ने आश्वासन दिएको काठमाडौँ पुगेका किसान प्रतिनिधिले बताएका छन्।

यसैगरी, आर्थिक वर्ष २०८२/८३ को अनुदान रकम अन्य जिल्लाका किसानले प्राप्त गरिसके पनि रौतहट र बर्दियाका उखु किसानले अहिलेसम्म रकम नपाएको विषयमा कृषि विभागका महानिर्देशक, मन्त्रालयका सहसचिव तथा अन्य अधिकारीसँग छलफल भएको नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष श्यामबाबु रायले बताए। किसानले कृषि सिँचाइ मिटरमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) हटाउन पनि सरकारको ध्यानाकर्षण गराएका छन्।

एक साताअघि सर्लाहीको हरिवनमा बसेको देशभरका उखु किसान प्रतिनिधिको बैठकले किसानका समस्या लिएर काठमाडौँ गई कृषिमन्त्रीलाई ध्यानाकर्षण गराउने निर्णय गरेको थियो।

# आर्थिक मन्दीको चपेटामा धनुषाका उद्योग-व्यवसाय

## दुई हजारभन्दा बढी नयाँ फर्म दर्ता हुँदा २४६ उद्योग तथा व्यवसाय खारेज, बजारका २५ प्रतिशतभन्दा बढी सटर खाली

**वीरेन्द्र कर्ण**
जनकपुरधाम, ३० साउन । धनुषा जिल्लामा आर्थिक वर्ष २०८२/८३ मा दुई हजारभन्दा बढी उद्योग तथा व्यवसाय दर्ता भए पनि २४६ वटा उद्योग तथा फर्म खारेज भएका छन्। कोभिड-१९ पछिको आर्थिक मन्दी, बजारको अस्थिरता, बैंक ऋणको जटिल प्रक्रिया, आयातित वस्तुसँगको प्रतिस्पर्धा तथा बजार अभावका कारण उद्योग तथा व्यवसाय बन्द हुने क्रम बढ्दै गएको छ।

घरेलु तथा साना उद्योग कार्यालय, धनुषाका अनुसार गत आर्थिक वर्षमा वाणिज्यतर्फ एक हजार २६३ वटा फर्म दर्ता भएकामा १६५ वटा खारेज भएका छन्। त्यसैगरी उत्पादनमूलक उद्योगतर्फ ७७७ वटा फर्म दर्ता भएकामा ८१ वटा बन्द भएका छन्।

कार्यालयका सूचना अधिकारी नरेश कुमार यादवका अनुसार गत आर्थिक वर्षमा दर्ता भएका उद्योग तथा फर्ममा कुल दुई अर्ब ४३ करोड ७६ लाख रुपैयाँ लगानी भएको छ। ती उद्योग तथा व्यवसायको वार्षिक




उत्पादन क्षमता चार अर्ब तीन करोड १४ लाख २६ हजार रुपैयाँ बराबर रहेको छ।

कार्यालयको वार्षिक तथ्याङ्कअनुसार वाणिज्यतर्फ एक हजार २६३ नयाँ फर्म दर्ता, एक हजार ७९८ नवीकरण, १६५ खारेजी, ८६ पूँजी वृद्धि तथा १८ वटा नामसारी र ठाउँसारी भएका छन्।

उद्योगतर्फ भने ७७७ वटा नयाँ फर्म दर्ता भएका छन्। यस अवधिमा ३३ वटा नामसारी, सात वटा नाम परिवर्तन, सात वटा ठाउँसारी, ३५ वटा पूँजी वृद्धि, ९६८ वटा नवीकरण, ८१ वटा लगत कट्टा तथा ८३ वटा आयात-निर्यातसम्बन्धी फर्म दर्ता भएका छन्।

नयाँ उद्योग तथा व्यवसाय सञ्चालनमा आएपछि ३४४ महिला र दुई हजार ६७८ पुरुषले रोजगारी पाएका छन्। महिलाले आफ्नो नाममा फर्म दर्ता गर्दा संघीय सरकारले वाणिज्यतर्फ ५० प्रतिशत र उद्योगतर्फ ३५ प्रतिशत राजस्व छुटको व्यवस्था गरेको छ।

गत आर्थिक वर्षमा ३१५

बाँकी पृष्ठ ४मा

## मोदीलाई प्रधानमन्त्री शाहको शुभकामना

काठमाडौँ, ३० साउन । प्रधानमन्त्री वालेन्द्र शाहले भारतको ८०औँ स्वतन्त्रता दिवसका अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, भारत सरकार तथा भारतीय जनतामा शुभकामना व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीसहित भारत सरकार र मैत्रीपूर्ण भारतीय जनतामा स्वतन्त्रता दिवसको शुभकामना




व्यक्त गर्नुभएको हो।

बाँकी पृष्ठ ४मा

## इन्डोनेसियामा शक्तिशाली भूकम्प, पाँच जनाको मृत्यु

माउमेरे, ३० साउन । इन्डोनेसियाको फ्लोरेस टापुमा शनिबार बिहान सात दशमलव सात म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ । भूकम्पका कारण भवन तथा घरहरू भत्किँदा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने ठूलो भौतिक क्षति भएको अधिकारीहरूले बताएका छन् ।


भूकम्पपछि इन्डोनेसियाली अधिकारीहरूले सुनामीको चेतावनी जारी गर्दै तटीय क्षेत्रका बासिन्दालाई अग्लो स्थानमा जान आग्रह गरेका थिए । समुद्री सतहमा उल्लेखनीय परिवर्तन नदेखिएपछि उक्त चेतावनी हटाइएको मौसम विज्ञान, जलवायु तथा भूभौतिकी एजेन्सीले जनाएको छ ।

अमेरिकी भूगर्भ सर्वेक्षण (यूएसजीएस)का अनुसार स्थानीय समयअनुसार बिहान ५:५८ बजे फ्लोरेस क्षेत्रमा १० किलोमिटर गहिराइमा भूकम्प गएको थियो । यसको केन्द्रबिन्दु पूर्वी नुसा तेङ्गेरा प्रान्तको एन्डे सहरबाट उत्तर-उत्तरपश्चिमतर्फ ६८ किलोमिटर टाढा रहेको थियो । मुख्य भूकम्पपछि पटक-पटक परकम्पसमेत महसुस गरिएको थियो ।


पूर्वी नुसा तेङ्गाराका प्रहरी प्रमुख रुडी डार्मकोकोका अनुसार भूकम्पका कारण भवन भत्किँदा सिक्का रिजेन्सीमा दुई तथा मङ्गराई रिजेन्सीमा तीन जनाको मृत्यु भएको छ । विद्युत् आपूर्ति अवरुद्ध हुँदा सञ्चार सम्पर्क प्रभावित भएकाले खोज तथा उद्धार कार्यमा कठिनाइ भएको उहाँले बताउनुभयो ।

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



# ३० वर्षपछि देखियो दुर्लभ 'सूर्य-चन्द्र' संगम

## सम्पादकीय

## परनिर्भरताको चामल

भारतबाट ठूलो परिमाणमा खाद्यान्न आयात भइरहेको तथ्यले नेपालको कृषि क्षेत्रको कमजोर अवस्था र बढ्दो खाद्य परनिर्भरतालाई उजागर गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा भिठामोड नाका हुँदै मात्रै करिब १ अर्ब ५० करोड रुपैयाँ बराबरका झन्डै ३ करोड ९२ लाख किलो विभिन्न खाद्यान्न नेपाल भित्रिनु सामान्य व्यापारिक तथ्यांक मात्र होइन, कृषि नीतिमाथि गम्भीर प्रश्न हो।

क्वारेन्टाइन कार्यालय जलेश्वरका अनुसार सो अवधिमा ४६ करोड ७२ लाख रुपैयाँभन्दा बढीको ७० लाख ७० हजार किलो चामल आयात भएको छ। त्यसमध्ये ७ करोड २६ लाख रुपैयाँभन्दा बढीको ९ लाख २१ हजार किलो बासमती चामल रहेको छ। चामलसँगै धान, गहुँ, मकै, जौ लगायतका खाद्यान्नसमेत ठूलो परिमाणमा भारतबाट आयात भएको छ। यसले दैनिक उपभोगका आधारभूत वस्तुमै नेपाल परनिर्भर बन्दै गएको देखाउँछ।

अझ चिन्ताजनक पक्ष भनेको सीमावर्ती भारतीय बजारबाट नेपाली उपभोक्ताले व्यक्तिगत प्रयोजनका नाममा बोराका बोरा चामल तथा अन्य खाद्यान्न भित्र्याउने क्रम हो। यस्तो आयातको यकिन तथ्यांक राज्यसँग छैन। भन्सार नाका छलेर हुने चोरी पैठारी बढिरहेको स्वयं कर्मचारीहरूको भनाइ छ। कृषि सुधार शुल्कका कारण व्यापारीले भन्सारमा वास्तविकभन्दा कम मूल्य घोषणा गर्ने प्रवृत्तिले पनि आधिकारिक तथ्यांकलाई वास्तविक अवस्थाको पूर्ण चित्र बन्न दिएको छैन।

तराई नेपालको प्रमुख अन्न उत्पादन क्षेत्र हो। त्यसै क्षेत्रका बासिन्दा आफ्नै उपभोगका लागि भारतीय खाद्यान्नमा निर्भर हुँदै जानु विडम्बनापूर्ण छ। उत्पादन लागत बढ्नु, सिँचाइको अभाव, मल-बीउको समस्या, खेतीयोग्य जमिनको घट्दो उपलब्धता, युवाशक्ति कृषिबाट पलायन हुनु र कृषि उत्पादनको उचित मूल्य नपाइनुजस्ता कारणले स्थानीय उत्पादन कमजोर बन्दै गएको छ। यसको प्रत्यक्ष असर खाद्यान्न आयातमा परेको छ।

खाद्यान्न आयातलाई तत्काल पूर्ण रूपमा रोक्न सम्भव नहोला। तर आयात बढ्दै जानुलाई विकासको सामान्य सूचक मानेर बस्नु भने गम्भीर भूल हुनेछ। नेपालले आफ्नै कृषि उत्पादन बढाउन सकेन भने खाद्यान्नका लागि विदेशी बजारमा निर्भरता अझ गहिरिँदै जानेछ र नेपाली मुद्रा निरन्तर बाहिरिनेछ।

सरकारले अब कृषि उत्पादन बढाउने घोषणा मात्र होइन, किसानले उत्पादन गर्न सक्ने वातावरण निर्माण गर्नुपर्छ। भरपर्दो सिँचाइ, गुणस्तरीय मल-बीउको सहज उपलब्धता, उत्पादनको सुनिश्चित बजार र उचित मूल्य, कृषि यान्त्रीकरण तथा प्रभावकारी अनुदान नीति आवश्यक छ। साथै सीमावर्ती क्षेत्रमा हुने अनौपचारिक आयात र चोरी पैठारी नियन्त्रण गर्न भन्सार प्रणालीलाई पनि प्रभावकारी बनाउनुपर्छ।

भिठामोड नाकाको तथ्यांकले दिएको सन्देश स्पष्ट छ- नेपालले खाद्यान्नमा आत्मनिर्भर बन्ने कुरा नारामा होइन, खेतमा प्रमाणित गर्नुपर्छ। अन्यथा कृषि प्रधान देशका नागरिक आफ्नै भान्साका लागि समेत परदेशी उत्पादनमा निर्भर भइरहनेछन् र खाद्यान्नसँगै नेपाली पुँजी पनि बाहिरिइरहनेछ।

स्वतन्त्रतापछिको भारत : विभाजनको पीडादेखि विश्वशक्तिसम्म

काठमाडौं । भारतले १५ अगस्ट १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्रता पाउँदा त्यो केवल एउटा उपनिवेशको अन्त्य मात्र थिएन । बरु, दर्जनौं राष्ट्रियताले भरिएको एउटा विशाल, गरिब, अशिक्षित र सामाजिक विभाजनले ग्रस्त, त्यसमाथि भर्खरै विभाजनको रक्तपातबाट गुज्रिएको देशले आफूलाई लोकतान्त्रिक गणतन्त्रका रूपमा पुनर्निर्माण गर्ने असाधारण मार्गको सुरुवात पनि थियो । अर्थात्, १५ अगस्ट १९४७ को स्वतन्त्रताको हर्षलाई सम्हाल्दै अघि बढ्नुपर्ने चुनौतीले तत्कालीन भारतलाई थिचेको थियो भन्दा अनुपयुक्त नहोला । स्वतन्त्रताको हर्षोल्लाससँगै भारतले एकै पटक कैयौं हन्डरको सामना गर्नुपरेको थियो । पाकिस्तानको निर्माण, साम्प्रदायिक हिंसा, करोडौं मानिसको विस्थापन, कश्मीर विवाद, सयौं रजौटाको एकीकरण, खाद्यान्न अभाव र कमजोर अर्थतन्त्रजस्ता सङ्कट नवोदित आधुनिक भारतले तत्कालै भोग्नुपरेको थियो ।




तर, यही विषम सुरुवाती परिस्थितिका बाबजुद भारतले उदाहरणीय ढङ्गले तत्कालै विश्वकै सबैभन्दा ठुलो निर्वाचन प्रणाली, सङ्घीय लोकतन्त्र, स्वतन्त्र न्यायपालिका र बहुदलीय राजनीतिक प्रणाली निर्माण गर्न सफल भयो । अनि यसैको जगमा ७७ वर्षभन्दा लामो यात्रामा भारतले एकदलीय प्रभुत्वदेखि गठबन्धन राजनीतिसम्म, समाजवादी शैलीको अर्थतन्त्रदेखि उदारीकरणसम्म र ग्रामीण अर्थतन्त्रदेखि औद्योगिक हुँदै आणविक शक्तिसम्पन्न मुलुकका रूपमा आफूलाई रूपान्तरित गरिसकेको छ । अर्थात्, आफ्नै बलबुताको भरमा भारतले विश्वशक्तिका रूपमा आफूलाई उभ्याएको छ ।

भारतको 'नेसन बिल्डिङ' (राष्ट्र निर्माण) को यो अनवरत यात्रा सामान्य 'लिनियर' (सिधा) सफलताको कथा मात्र होइन । यसबीच भारतले युद्ध, सङ्कटकाल, राजनीतिक हिंसा, जातीय तथा धार्मिक द्वन्द्व, पृथकतावादी आन्दोलन, आर्थिक सङ्कट, भ्रष्टाचार र लोकतान्त्रिक संस्थामाथिका हस्तक्षेपका लामा शृङ्खला पनि भोगेको छ । समग्रमा आधुनिक भारतको आरोह-अवरोहको यात्रालाई यसरी बुँदागत गर्न सकिन्छ :

*१. स्वतन्त्रताको पहिलो बिहान : विभाजनको घाउ*

१५ अगस्ट १९४७ मा भारत स्वतन्त्र भयो । तर, स्वतन्त्रताको उत्सवसँगै उपमहाद्वीप विभाजनको भयावह मानवीय त्रासदीमा प्रवेश गऱ्यो । 'ब्रिटिस-भारत' भारत र पाकिस्तानमा विभाजित भयो र पञ्जाब तथा बङ्गालमा व्यापक साम्प्रदायिक हिंसा फैलियो । लाखौं मानिस आफ्नो घर छाडेर सीमा पार गर्न बाध्य भए ।

स्वतन्त्र भारतका पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरूका लागि पहिलो चुनौती नै यस्तो अवस्थामा राज्य सञ्चालन गर्नु थियो । उनको नयाँ सरकारले विस्थापित लाखौं मानिसको पुनर्वास, प्रशासनिक स्थिरता र नयाँ गणतन्त्रको संस्थागत आधार निर्माणलाई प्राथमिकता दिएको थियो ।

महात्मा गान्धीको हत्या पनि यही अशान्त कालखण्डमा भयो । ३० जनवरी १९४८ मा हिन्दु राष्ट्रवादी नाथुराम गोड्सेले गान्धीको हत्या गरे । त्यस घटनाले नवस्वतन्त्र भारतको राजनीतिक र सामाजिक चेतनामा गहिरो प्रभाव पाऱ्यो ।

त्यसै समयमा भारतले कश्मीरमाथि पाकिस्तानसँग युद्ध पनि लड्यो । स्वतन्त्रताको प्रारम्भिक वर्षमै भारतको राष्ट्रिय सुरक्षा, धर्मनिरपेक्षता र सङ्घीय एकताका सवाल पनि एकअर्कासँग जोडिएर आए । तर पनि 'मध्यरातको घडी बज्दा, जब संसार निदाइरहेको हुनेछ, भारत जीवन र स्वतन्त्रताका लागि जाग्नेछ' भनी स्वतन्त्रताको पूर्वसन्ध्यामा नेहरूले दिएको अभिव्यक्तिजस्तै विषम परिस्थितिमा पनि भारत जागेर यहाँसम्मको सफल र सबैभन्दा विशाल लोकतान्त्रिक यात्रा तय गरिसकेको छ ।

*२. संविधान नै लोकतान्त्रिक भारतको अभूतपूर्व उपलब्धि*

भारतको सबैभन्दा महत्त्वपूर्ण उपलब्धिमध्ये संविधान निर्माण एक थियो । संविधान २६ जनवरी १९५० मा लागु भयो र भारत सार्वभौम लोकतान्त्रिक गणतन्त्र बन्यो । संविधानले मौलिक अधिकार, सङ्घीय शासन, संसदीय लोकतन्त्र र राज्यका नीति निर्देशक सिद्धान्तलाई संस्थागत गऱ्यो ।

यस संविधानको सबैभन्दा साहसिक पक्ष भनेको वयस्क मताधिकार नै थियो । जात, धर्म, लिङ्ग, सम्पत्ति वा शिक्षाका आधारमा मताधिकार सीमित नगरी करोडौं नागरिकलाई राजनीतिक प्रक्रियामा सहभागी गराइयो ।

सन् १९५१-५२ मा भएको पहिलो आमनिर्वाचन त्यस समय संसारकै सबैभन्दा ठुलो लोकतान्त्रिक निर्वाचन प्रयोग थियो । त्यस निर्वाचनमा करिब १७ करोड ३० लाख मतदाता दर्ता भएका थिए । त्यस समय भारतको ठुलो जनसङ्ख्या निरक्षर थियो । त्यसैले निर्वाचन आयोगले राजनीतिक दलका लागि चुनाव चिह्नको व्यवस्था गऱ्यो । मतपेटिका, मतपत्र र निर्वाचन व्यवस्थापनको त्यो प्रयोग विस्तारै विश्वकै सबैभन्दा विशाल लोकतान्त्रिक निर्वाचन प्रणालीमा परिणत भयो ।

*३. नेहरू युग : राष्ट्र निर्माणको समाजवादी खाका*

सन् १९४७ देखि १९६४ सम्म भारतको राजनीति नेहरूकै वरिपरि केन्द्रित रह्यो । उनले लोकतन्त्रसँगै मिश्रित अर्थतन्त्र र राज्य नेतृत्वको औद्योगिकीकरणलाई भारतको विकासको आधार बनाए । १९५० मा योजना आयोग स्थापना भयो । सार्वजनिक क्षेत्र, इस्पात, ऊर्जा, कोइला, भारी उद्योग र पूर्वाधारमा राज्यले ठुलो लगानी गऱ्यो । भूमि सुधार, जमिन्दारी उन्मूलन र औद्योगिकीकरण पनि प्राथमिकतामा परे ।

विदेश नीतिमा भारतले असंलग्नताको बाटो रोज्यो । शीतयुद्धमा अमेरिका वा सोभियत सङ्घमध्ये कुनै एक खेमामा पूर्ण रूपमा नलागी भारतले स्वतन्त्र विदेश नीति कायम राख्न खोज्यो ।

तर, नेहरू युग पूर्णतः सफलता मात्रै थिएन । राज्य नियन्त्रण अत्यधिक बढ्दै गयो । उद्योग सञ्चालनका लागि सरकारी अनुमति, आयात नियन्त्रण र उच्च शुल्कको व्यवस्था विस्तार भयो । अर्कोतर्फ, चीनसँगको सम्बन्ध पनि बिग्रियो । १९६२ को भारत-चीन युद्धले नेहरू सरकारको सुरक्षा नीतिमाथि गम्भीर प्रश्न उठायो ।

*४. भाषाका आधारमा राज्य पुनर्गठन : विविधतालाई*

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ३० वर्षपछि................

*समेट्ने प्रयोग*

भारतजस्तो बहुभाषिक देशमा राज्यको सीमा कसरी निर्धारण गर्ने भन्ने प्रश्न स्वतन्त्रतापछि निकै संवेदनशील थियो । १९५३ मा तेलुगुभाषी आन्ध्र प्रदेशको गठनले भाषिक आधारमा राज्य निर्माणको मागलाई बलियो बनायो । त्यसपछि राज्य पुनर्गठन आयोगको सिफारिसअनुसार १९५६ मा ठुलो पुनर्गठन गरियो ।

भारतको 'स्टेट रिअर्गनाइजेसन एक्ट, १९५६' ले आन्ध्र, केरला, मैसुरु, बम्बई, मध्यप्रदेश, राजस्थान, पञ्जाबलगायत राज्यहरूको सीमा पुनः निर्धारण गऱ्यो । यो कदम भारतको सङ्घीय लोकतन्त्रका लागि निर्णायक थियो । भाषिक पहिचानलाई दमन गर्नुको सट्टा राज्यको राजनीतिक संरचनामै समेट्ने नीति अपनाइयो । पछि महाराष्ट्र, गुजरात, हरियाणा, हिमाचल प्रदेश, उत्तराखण्ड, झारखण्ड, छत्तीसगढ, तेलङ्गानालगायत नयाँ राज्यहरू गठन हुँदै गए । यसले वैश्विक रूपमै एउटा महत्त्वपूर्ण सन्देश दियो– देशको एकता एकरूपताबाट होइन, विविधतालाई राजनीतिक स्थान दिएर पनि कायम राख्न सकिन्छ ।

*५. युद्ध, खाद्य सङ्कट र हरित क्रान्ति*

१९६४ मा नेहरूको निधनपछि लालबहादुर शास्त्री प्रधानमन्त्री बने । उनको छोटो कार्यकालमा भारतले १९६५ मा पाकिस्तानसँग युद्ध गऱ्यो ।१९६६ मा शास्त्रीको निधनपछि इन्दिरा गान्धी प्रधानमन्त्री बनिन् । त्यस समय भारत खाद्यान्न सङ्कट र आर्थिक समस्याबाट गुज्रिरहेको थियो । १९६० को दशकमा हरित क्रान्तिको सुरुवात भयो । उच्च उत्पादन दिने बिउ, सिँचाइ, रासायनिक मल र कृषि प्रविधिको प्रयोग विस्तार गरियो ।

हरित क्रान्तिले भारतलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाउन महत्त्वपूर्ण योगदान गऱ्यो । तर, यसको लाभ सबै क्षेत्रमा समान रूपमा पुगेन । पञ्जाब, हरियाणा र पश्चिमी उत्तर प्रदेशजस्ता क्षेत्रमा यसको प्रभाव बढी देखियो । यसले भारतीय कृषिलाई बदल्यो, तर ग्रामीण असमानता, भूमिहीनता र क्षेत्रीय विकास अन्तरका प्रश्न भने पूर्ण रूपमा समाधान गर्न सकेन ।

*६. अस्थिरताका १९७०, ८० र ९० का दशक*

१९५२ देखि १९६२ सम्म कांग्रेसले केन्द्रमा मात्र होइन, अधिकांश राज्यमा पनि प्रभुत्व कायम गरेको थियो । तर, १९६७ को निर्वाचनले त्यो राजनीतिक संरचनामा पहिलो ठुलो दरार ल्यायो । तथ्याङ्कअनुसार १९६७ मा कांग्रेसको मत हिस्सा करिब ४१ प्रतिशतमा झऱ्यो र उसले तत्कालीन १६ प्रमुख राज्यमध्ये आठवटामा सत्ता गुमायो । यही समयदेखि क्षेत्रीय दल र कांग्रेसविरोधी गठबन्धनको राजनीति बलियो हुन थाल्यो ।

यद्यपि, इन्दिरा गान्धीले १९७१ को निर्वाचनमा ठुलो सफलता हासिल गरिन् । त्यही वर्ष पूर्वी पाकिस्तानमा राजनीतिक सङ्कट र दमन बढेपछि भारत र पाकिस्तानबीच युद्ध भयो । युद्धको परिणामस्वरूप पूर्वी पाकिस्तान स्वतन्त्र भएर बङ्गलादेश बन्यो । भारतको सैन्य र कूटनीतिक प्रभाव यस घटनाबाट निकै बढ्यो । तर, इन्दिरा गान्धीको राजनीतिक शक्ति बढेसँगै केन्द्रमा सत्ता थप केन्द्रीकृत हुँदै गयो । कांग्रेसभित्रको आन्तरिक लोकतन्त्र कमजोर भएको र प्रधानमन्त्री कार्यालयवरिपरि शक्ति केन्द्रित भएको आरोप पनि बढ्यो ।

२५ जुन १९७५ भारतीय लोकतन्त्रको इतिहासमा सबैभन्दा विवादास्पद मितिमध्ये एक हो । इन्दिरा गान्धी सरकारले संविधानको धारा ३५२ अन्तर्गत राष्ट्रिय सङ्कटकाल घोषणा गऱ्यो । सरकारी अभिलेखअनुसार आपत्काल २५ जुन १९७५ देखि २१ मार्च १९७७ सम्म कायम रह्यो । यसको पृष्ठभूमिमा राजनीतिक आन्दोलन, महँगी, बेरोजगारी, भ्रष्टाचारविरुद्धको असन्तोष र इलाहाबाद उच्च अदालतको इन्दिरा गान्धीको निर्वाचनसम्बन्धी फैसलालगायतका घटनाहरू थिए ।

सङ्कटकालका क्रममा नागरिक स्वतन्त्रता सीमित भयो, विपक्षी नेताहरू पक्राउ परे र प्रेसमाथि सेन्सरसिप लगाइयो । यो भारतीय लोकतन्त्रको ठुलो कमजोरी पनि थियो । नागरिक अधिकारलाई कुण्ठित गर्ने यस कदमलाई लिएर जननेता जयप्रकाश नारायणले भनेका थिए, 'स्वतन्त्रता केवल देशको स्वतन्त्रता होइन; यो व्यक्तिको स्वतन्त्रता, विचारको स्वतन्त्रता र आत्माको स्वतन्त्रता पनि हो ।' १९७७ को निर्वाचनमा जनता पार्टीको नेतृत्वमा विपक्षी गठबन्धनले कांग्रेसलाई पराजित गऱ्यो । स्वतन्त्र भारतमा पहिलोपटक केन्द्रमा कांग्रेसबाहेकको सरकार बन्यो । तर, जनता पार्टी सरकारको अस्थिरतापछि १९८० मा इन्दिरा गान्धी पुनः सत्तामा फर्किइन् । १९८० को दशकमा भारतले एकातर्फ कम्प्युटर, दूरसञ्चार र आधुनिक प्रविधितर्फ अघि बढ्ने प्रयास गऱ्यो भने अर्कोतर्फ गम्भीर राजनीतिक हिंसा देख्यो ।

पञ्जाबमा खालिस्तान आन्दोलन, असम आन्दोलन र कश्मीरमा बढ्दो असन्तोषले सङ्घीय सम्बन्धलाई चुनौती दिए । १९८४ मा अमृतसरस्थित स्वर्ण मन्दिर परिसरमा अपरेसन ब्लु स्टार सञ्चालन गरियो । त्यही वर्ष इन्दिरा गान्धीको आफ्नै सिख अङ्गरक्षकबाट हत्या भयो । त्यसपछि दिल्लीसहित विभिन्न स्थानमा सिखविरोधी हिंसा भड्कियो ।

इन्दिराको हत्यापछि राजीव गान्धी प्रधानमन्त्री बने । उनले आधुनिक प्रविधि, कम्प्युटर र दूरसञ्चारलाई प्राथमिकता दिए । तर, उनको सरकार बोफोर्स भ्रष्टाचार विवादलगायतका राजनीतिक सङ्कटमा फस्यो । अक्सफोर्डको अध्ययनले १९८० को दशकमा क्षेत्रीय दल, हिन्दु राष्ट्रवादी राजनीति र भ्रष्टाचारविरोधी राजनीतिक शक्तिको विस्तारले कांग्रेसको आधार कमजोर बनाएको देखाउँछ ।

१९८९ को आमनिर्वाचन भारतको राजनीतिक इतिहासमा अर्को निर्णायक मोड थियो । कांग्रेसले केन्द्रमा आफ्नो लामो समयको प्रभुत्व गुमायो । त्यसपछि गठबन्धन र अल्पमत सरकारको युग सुरु भयो । अक्सफोर्डको अध्ययनअनुसार १९८९ देखि २०१४ सम्म भारतको पार्टी प्रणाली एकदलीय प्रभुत्वबाट बहुदलीय गठबन्धन प्रणालीमा रूपान्तरण भयो ।

*७. १९९१ पछि उदारीकरणतर्फको यात्रामा भारत*

१९९१ भारतको आर्थिक इतिहासमा निर्णायक वर्ष हो । भारतको विदेशी मुद्रा सञ्चिति अत्यन्त न्यून स्तरमा पुगेको थियो । आयात धान्नसमेत कठिन हुने अवस्था उत्पन्न भयो । सोही वर्ष प्रधानमन्त्री पी.भी. नरसिंह राव र अर्थमन्त्री मनमोहन सिंहको नेतृत्वमा आर्थिक सुधार सुरु भयो । अमेरिकी कङ्ग्रेस अनुसन्धान सेवाका अनुसार भारतले आयातमा लगाइएको धेरै प्रतिबन्ध र इजाजत प्रणाली हटायो, शुल्क घटायो, रुपैयाँको अवमूल्यन गऱ्यो, केही क्षेत्रमा निजी लगानीको सीमा खुकुलो बनायो र निजीकरणतर्फ अघि बढ्यो । भारत सन् १९९५ मा विश्व व्यापार सङ्गठनको सदस्य बन्यो ।

यसले भारतीय अर्थतन्त्रलाई बिस्तारै विश्व अर्थतन्त्रसँग जोड्यो । १९९१ को सुधारले भारतको मध्यम वर्ग, सेवा क्षेत्र, सूचना प्रविधि, निजी उद्योग र विदेशी लगानीमा ठुलो परिवर्तन ल्यायो । तर, उदारीकरणसँगै आय असमानता, ग्रामीण सङ्कट र क्षेत्रीय असन्तुलनका प्रश्न पनि उठे ।

*८. बाबरी मस्जिददेखि गुजरातसम्म : धर्म र राजनीतिका निर्णायक वर्ष*

६ डिसेम्बर १९९२ मा अयोध्यास्थित बाबरी मस्जिद हिन्दु कार्यकर्ताहरूको भिडले भत्कायो । त्यसपछि भारतका विभिन्न भागमा साम्प्रदायिक हिंसा फैलियो । तथ्याङ्कअनुसार त्यसपछिको साम्प्रदायिक हिंसामा भारतभर करिब ९०० मानिस मारिए । १९९३ मा मुम्बईमा शृङ्खलाबद्ध बम विस्फोट भए । यसले धार्मिक ध्रुवीकरण र आतङ्कवादको प्रश्नलाई थप गम्भीर बनायो ।

२००२ मा गुजरातमा गोधरा रेल आगलागीपछि व्यापक साम्प्रदायिक हिंसा भयो । त्यसमा पनि हजारभन्दा बढी मानिस मारिएको विवरण छ, जसमा अधिकांश मुस्लिम सम्प्रदायका थिए । यी घटनाहरूले भारतीय धर्मनिरपेक्षता, अल्पसङ्ख्यक अधिकार, राज्यको भूमिका र हिन्दु राष्ट्रवादबारे आजसम्म जारी बहसलाई गहिरो बनाए ।

१९९० को दशकको उत्तरार्धमा भाजपा राष्ट्रिय राजनीतिको प्रमुख शक्ति बन्यो । अटल बिहारी वाजपेयीको नेतृत्वमा भाजपा नेतृत्वको राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) सरकार बन्यो ।

*९. उच्च आर्थिक वृद्धिसहितको आणविक शक्तिसम्पन्न २१औँ शताब्दीको भारत*

१९९८ मा भारतले पोखरणमा आणविक परीक्षण गऱ्यो । भारत सरकारका अनुसार ११ र १३ मे १९९८ मा पाँच आणविक परीक्षण गरिएको थियो । संयुक्त राष्ट्रसङ्घका अनुसार भारतले १९९८ मा दुई चरणमा आणविक परीक्षण गरेको थियो र त्यसपछि पाकिस्तानले पनि परीक्षण गऱ्यो ।

१९९९ को कारगिल युद्धले भारत-पाकिस्तान सम्बन्धलाई फेरि तनावपूर्ण बनायो । तर, घरेलु राजनीतिमा गठबन्धनको युग बलियो हुँदै गयो । २००४ मा कांग्रेस नेतृत्वको संयुक्त प्रगतिशील गठबन्धन (यूपीए) सत्तामा आयो र मनमोहन सिंह प्रधानमन्त्री बने ।

मनमोहन सिंह नेतृत्वको यूपीए सरकारले आर्थिक वृद्धिसँगै सामाजिक कल्याणका कार्यक्रमलाई प्राथमिकता दियो । सूचनाको अधिकार, ग्रामीण रोजगारी, शिक्षा र खाद्य सुरक्षासम्बन्धी नीतिले राज्यको कल्याणकारी भूमिकालाई विस्तार गऱ्यो । भारतले विश्व अर्थतन्त्रमा आफ्नो प्रभाव बढाउँदै लग्यो । सूचना प्रविधि, सेवा क्षेत्र र विदेशी लगानीले आर्थिक परिवर्तनलाई गति दिए ।

तर, दोस्रो यूपीए कार्यकालमा भ्रष्टाचारसम्बन्धी ठुला विवादले सरकारको छवि कमजोर बनायो । अन्ना हजारे नेतृत्वको भ्रष्टाचारविरोधी आन्दोलनले राजनीतिक वातावरण परिवर्तन गऱ्यो । त्यही पृष्ठभूमिमा गुजरातका तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदी राष्ट्रिय राजनीतिमा तीव्र रूपमा उदाए ।

*१०. २०१४ : मोदी युगको सुरुवात*

२०१४ को आमनिर्वाचन भारतको स्वतन्त्रतापछिको अर्को ऐतिहासिक मोड थियो । भाजपाले ५४३ सदस्यीय लोकसभामा २८२ सिट जित्यो र आफ्नै बहुमतसहित सरकार बनायो । निर्वाचन आयोगको तथ्याङ्कअनुसार भाजपाको मत हिस्सा ३१.३४ प्रतिशत थियो ।

यो परिणामले १९८९ पछि विकसित गठबन्धन-निर्भर राजनीतिक संरचनालाई ठुलो धक्का दियो । मोदी सरकारले 'मेक इन इन्डिया', डिजिटलाइजेसन, पूर्वाधार, वित्तीय समावेशीकरण र प्रत्यक्ष लाभ हस्तान्तरणजस्ता कार्यक्रमलाई प्राथमिकता दियो । तर, यही अवधिमा राजनीतिक ध्रुवीकरण, धार्मिक तनाव, अभिव्यक्ति स्वतन्त्रता र संस्थागत स्वायत्तताबारे बहस पनि तीव्र भयो ।

त्यसैगरी, ८ नोभेम्बर २०१६ मा सरकारले उच्च मूल्यका ५०० र १,००० रुपैयाँका नोटको कानुनी मान्यता हटाउने घोषणा गऱ्यो । यसको उद्देश्य कालो धन, नक्कली नोट र आतङ्कवादी वित्तीय प्रवाह रोक्नु रहेको सरकारको दाबी थियो । तर, यस कदमले ठुलो मात्रामा नगदमा निर्भर अर्थतन्त्रलाई तत्काल असर गऱ्यो । साना व्यवसाय, अनौपचारिक क्षेत्र र दैनिक ज्यालादारी कामदार प्रभावित भए ।

२०१७ मा वस्तु तथा सेवा कर (जीएसटी) लागु गरियो । यसले भारतमा विभिन्न अप्रत्यक्ष करलाई एउटै संरचनामा ल्याउने प्रयास गऱ्यो । यस अवधिमा भारत डिजिटल भुक्तानी, आधार प्रणाली, मोबाइल इन्टरनेट र डिजिटल सार्वजनिक पूर्वाधारमा तीव्र गतिले अघि बढ्यो ।

२०१९ को आमनिर्वाचनमा भाजपाले आफ्नो अघिल्लो प्रदर्शनभन्दा पनि राम्रो परिणाम निकाल्यो । निर्वाचन आयोगका अनुसार भाजपाले ३०३ सिट र ३७.७ प्रतिशत मत प्राप्त गऱ्यो, जबकि कांग्रेसले ५२ सिट जित्यो । यसले मोदी सरकारलाई दोस्रो कार्यकालका लागि बलियो जनादेश दियो । त्यसै वर्ष सरकारले जम्मु-कश्मीरसँग सम्बन्धित संविधानको धारा ३७० का प्रावधान हटाउने प्रक्रिया अघि बढायो र जम्मु-कश्मीर पुनर्गठन ऐन ल्यायो ।

सरकारका समर्थकहरूले यसलाई राष्ट्रिय एकीकरण र समान संवैधानिक व्यवस्थातर्फको ऐतिहासिक कदम भने । आलोचकहरूले भने कश्मीरमा राजनीतिक अधिकार, सङ्घीयता र प्रक्रियासम्बन्धी गम्भीर प्रश्न उठाए । त्यसो त त्यही वर्ष नागरिकता संशोधन ऐन पनि पारित भयो, जसले ठुलो राजनीतिक तथा सामाजिक विवाद निम्त्यायो ।

२०२४ को आमनिर्वाचनले भारतको पछिल्लो राजनीतिक यात्रामा अर्को रोचक मोड ल्यायो । भाजपा सबैभन्दा ठुलो दल बन्यो, तर उसले एक्लै बहुमत प्राप्त गर्न सकेन । भाजपा नेतृत्वको एनडीएले भने २९३ सिट प्राप्त गर्दा नरेन्द्र मोदीले तेस्रोपटक प्रधानमन्त्रीका रूपमा शपथ लिए । उनी जवाहरलाल नेहरूपछि लगातार तीन कार्यकाल प्रधानमन्त्री बन्ने दोस्रो भारतीय नेता बने ।

*११. कोरोना महामारी : राज्यको क्षमता र समाजको परीक्षा*

२०२० मा कोभिड-१९ महामारी भारतका लागि अभूतपूर्व सङ्कट बन्यो । कडा लकडाउनले सङ्क्रमण नियन्त्रण गर्ने प्रयास गरे पनि लाखौँ प्रवासी श्रमिक रोजगारी र आम्दानीविहीन बने । उनीहरू लामो पैदलयात्रा वा अन्य माध्यमबाट घर फर्किएको दृश्य आधुनिक भारतको सबैभन्दा मार्मिक सामाजिक चित्रमध्ये एक बन्यो ।

अर्कोतर्फ भारतले ठुलो मात्रामा खोप उत्पादन गऱ्यो र पछि धेरै देशलाई खोप उपलब्ध गरायो । महामारीले स्वास्थ्य प्रणाली, सङ्घीय समन्वय, डिजिटल सेवा र सामाजिक सुरक्षाको क्षमताबारे नयाँ प्रश्न उठायो ।

*१२. भारतका पछिल्ला लोकतान्त्रिक आन्दोलन*

२०२० मा ल्याइएका तीन कृषि कानुनविरुद्ध किसान आन्दोलन सुरु भयो । विशेषगरी पञ्जाब, हरियाणा र उत्तर भारतका किसानले दिल्लीको सीमामा लामो समय प्रदर्शन गरे । सरकारले कानुनलाई कृषि बजार सुधार र किसानलाई थप विकल्प दिने कदमका रूपमा व्याख्या गऱ्यो । आन्दोलनरत किसान सङ्गठनहरूले भने ती कानुनले कृषि क्षेत्रलाई ठुला निजी कम्पनीको प्रभावमा लैजान सक्ने आशङ्का व्यक्त गरे ।

अन्ततः सरकारले तीनवटै कृषि कानुन फिर्ता लियो । यो घटना भारतीय लोकतन्त्रमा सडक आन्दोलन, सङ्घीय राजनीति र सरकार-किसान सम्बन्धको महत्त्वपूर्ण उदाहरण बन्यो ।

त्यसैगरी, २०२६ मा भारतमा ककरोच जनता पार्टी (सीजेपी) को नेतृत्वमा भएको जन्तरमन्तर आन्दोलन शिक्षा प्रणाली, परीक्षा अनियमितता र नीट (NEET) प्रश्नपत्र चुहावटविरुद्ध केन्द्रित हुँदै ठुलो युवा आन्दोलनमा परिणत भयो । ६ जुन २०२६ मा नयाँदिल्लीको जन्तरमन्तरबाट सुरु भएको प्रदर्शनमा सीजेपी संस्थापक अभिजीत दिपकेले केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामासहित शिक्षा क्षेत्रमा सुधारको माग अघि सारे ।

जुलाई २० मा भएको प्रदर्शनका क्रममा प्रहरीसँग झडप हुँदा ठुलो सङ्ख्यामा मानिस घाइते भएको र त्यसपछि आन्दोलन अझ चर्किएको थियो । अन्ततः करिब ४९ दिन चलेको आन्दोलन जुलाई २५-२६ मा शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा र सरकारबाट प्रदर्शनकारीका केही प्रमुख माग सम्बोधन गर्ने आश्वासनपछि स्थगित गरियो । सीजेपीले एफआईआर फिर्ता, क्षतिपूर्ति र परीक्षा प्रणाली सुधारलगायत विषयमा सरकारी प्रतिबद्धता पाएपछि आन्दोलन फिर्ता लिएको छ ।

*१३. लोकतन्त्रको असाधारण प्रयोग*

स्वतन्त्र भारतको सबैभन्दा ठुलो उपलब्धि आर्थिक वृद्धि वा सैन्य शक्ति मात्र होइन, बरु लोकतान्त्रिक प्रणालीको निरन्तरता हो । भारतले युद्ध देख्यो, आपत्काल भोग्यो, प्रधानमन्त्रीको हत्या देख्यो, साम्प्रदायिक हिंसा भोग्यो, क्षेत्रीय विद्रोह र पृथकतावादी आन्दोलन झेल्यो, आर्थिक सङ्कट पार गऱ्यो र अनेकपटक सरकार परिवर्तन गऱ्यो । तर, यहाँ निर्वाचनको प्रक्रिया निरन्तर चलिरह्यो । यसको संविधान अटल रहिरह्यो । तमाम उतारचढाव र कठिनाइका बाबजुद भारतले लोकतान्त्रिक निर्वाचन प्रणालीलाई निरन्तरता दिएको छ, विशाल र विविध देशलाई सङ्घीय संरचनामा बाँधेको छ, संविधान र न्यायपालिकालाई राज्य सञ्चालनको केन्द्रमा राखेको छ । यही संवैधानिक प्रतिबद्धता नै भारतीय सफलताको कडी हो ।

*एजेन्सीको सहयोगमा*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ८० औं स्वतन्त्रता दिवस : विकसित भारतको संकल्प

एजेन्सी
नयाँ दिल्ली ३० साउन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको ८०औँ स्वतन्त्रता दिवसका अवसरमा नयाँ दिल्लीस्थित लालकिल्लाको प्राचीरबाट देशवासीका नाममा सम्बोधन गरेका छन्।



लगातार १३औँ पटक राष्ट्रका नाममा सम्बोधन गर्नुअघि उनले जल, थल र वायुसेनाका साथै दिल्ली प्रहरीका जवान सम्मिलित 'गार्ड अफ अनर'को सलामी लिएका थिए। राष्ट्रिय ध्वजारोहणका क्रममा स्वदेशी १०५ एमएम लाइट फिल्ड गनबाट २१ तोपको सलामी दिइएको थियो। लालकिल्ला पुग्नुअघि उनले राजघाट पुगेर राष्ट्रपिता महात्मा गान्धीप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए।

आफ्नो सम्बोधनमा प्रधानमन्त्री मोदीले विगत १२ वर्षका उपलब्धि प्रस्तुत गर्दै सन् २०४७ सम्म भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्यसहित सरकारको दीर्घकालीन दृष्टिकोण सार्वजनिक गरे। 'वन्दे मातरम'को १५० वर्ष पुगेको प्रसङ्ग उल्लेख गर्दै उनले स्वतन्त्रतापछि लालकिल्लाको प्राचीरबाट यस गीतको गुञ्जनलाई विशेष अवसरका रूपमा चित्रण गरे। उत्पादन, कपडा उद्योग, रक्षा, रेलवे, कनेक्टिभिटी, औषधि उद्योग र स्टार्टअप क्षेत्रका उपलब्धिको समीक्षा गर्दै उनले कोरोना महामारी तथा विभिन्न युद्धका कारण उत्पन्न विश्वव्यापी ऊर्जा सङ्कटका बीच भारतले अपनाएका नीतिको चर्चा गरे। साथै, संसद् र विधानसभा निर्वाचनमा महिलाका लागि ३३ प्रतिशत आरक्षण लागू गर्न सबै राजनीतिक दललाई सहकार्य गर्न उनले आह्वान गरे।

***नक्सलवाद अन्त्यको दाबी***

नक्सलवाद र माओवादले दशकौँसम्म देशको ठूलो भूभाग र जनसङ्ख्यालाई प्रभावित पारेको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले यस हिंसामा ३ हजार ५ सयभन्दा बढी सुरक्षाकर्मीले ज्यान गुमाएको बताए।

सन् २०१४ मा देशलाई नक्सलवादमुक्त बनाउने सङ्कल्प लिइएको र अहिले नक्सल तथा माओवादी हिंसा अन्तिम चरणमा पुगेको उनको दाबी थियो। विगतमा हिंसाले प्रभावित क्षेत्रमा अहिले विकास र विश्वासको वातावरण निर्माण हुँदै गएको उनले बताए।

यद्यपि, यस चुनौतीलाई पूर्ण रूपमा समाप्त भएको ठान्न नहुने उनको भनाइ थियो। जङ्गलमा हतियार बोकेर हिंसा गर्ने समूह कमजोर बने पनि समाजमा हिंसा र अराजकतालाई प्रोत्साहन गर्ने प्रवृत्तिबाट सचेत रहनुपर्नेमा उनले जोड दिए।

***१२ वर्षका उपलब्धि***

विगत १२ वर्षमा २५ करोड नागरिक गरिबीबाट बाहिरिएको दाबी गर्दै मोदीले भारतको अर्थतन्त्रले पछिल्लो दशकमा उल्लेखनीय प्रगति गरेको बताए। उनका अनुसार यस अवधिमा रक्षा उत्पादन चार गुणा, खादी ग्रामोद्योग पाँच गुणा र मोबाइल फोन उत्पादन ३३ गुणा बढेको छ। डिजिटल कारोबार १०० गुणा तथा पेटेन्ट दर्ता चार गुणा बढेको उल्लेख गरिएको छ।

विपन्न वर्गका लागि शौचालय र आवास निर्माण, मेट्रो रेल विस्तारलगायत पूर्वाधार विकासले तीव्र गति लिएको बताउँदै उनले सन् २०४७ सम्म विकसित भारत निर्माणको सङ्कल्प पूरा हुने विश्वास व्यक्त गरे।

भारत अब अन्य देशमा निर्भर नभई 'मेक इन इन्डिया' र 'आत्मनिर्भर भारत'को अवधारणालाई थप सशक्त बनाउँदै अघि बढ्ने उनले स्पष्ट पारे।

***प्रविधि र ऊर्जा सुरक्षामा जोड***

प्रधानमन्त्री मोदीले भारतमा सेमिकन्डक्टर उद्योग विस्तार भइरहेको उल्लेख गर्दै आगामी वर्षहरूमा थप उत्पादन केन्द्र स्थापना गर्ने योजना सुनाए। चिप, आर्टिफिसियल इन्टेलिजेन्स र डेटा सेन्टरका लागि आवश्यक ऊर्जा सुरक्षालाई प्राथमिकतामा राखिएको उनले बताए।

कच्चा तेलमा रहेको निर्भरता घटाउन नयाँ ऊर्जा स्रोतको खोजी तथा समुद्री क्षेत्रमा पेट्रोलियम अन्वेषणलाई तीव्र बनाइएको जानकारी दिइयो। पाइप्ड ग्यास सेवा विस्तार, सौर्य ऊर्जा उत्पादन वृद्धि तथा रेलवे विद्युतीकरणमा भएको प्रगतिलाई पनि उनले सरकारका प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरे।

***किसान, युवा र सुधारको एजेन्डा***

कोरोना महामारी तथा रूस-युक्रेन युद्ध र पश्चिम एसियामा उत्पन्न तनावका कारण विश्वव्यापी आपूर्ति शृङ्खला प्रभावित भए पनि भारतमा खाद्यान्न, इन्धन र मलको अभाव हुन नदिएको मोदीले बताए। किसानलाई सहुलियत दरमा मल उपलब्ध गराइएको उनको भनाइ थियो।

२१औँ शताब्दीको बाँकी अवधि भारतका लागि अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले कार्यसंस्कृति र विकासको गति परिवर्तन गर्नुपर्नेमा जोड दिए। विगतमा दशकौँसम्म पूरा हुन नसकेका काम आगामी केही वर्षमै सम्पन्न गर्ने लक्ष्यका साथ सरकार अघि बढिरहेको उनले बताए।भारतीय उत्पादनलाई विश्वस्तरीय बनाउन गुणस्तरमा सम्झौता नगर्ने नीति अपनाउनुपर्नेमा जोड दिँदै उनले खाद्य प्रशोधन, जैविक खेती र कृषि उत्पादनको बजार पहुँच विस्तार गर्ने योजना पनि प्रस्तुत गरे।

युवा वर्गलाई विकसित भारत निर्माणको केन्द्रमा राखिएको उल्लेख गर्दै नयाँ उद्यम तथा स्टार्टअप प्रवर्द्धनका लागि ठूलो लगानी कोष स्थापना गरिएको उनले बताए। सम्बोधनको अन्त्यमा प्रधानमन्त्री मोदीले 'नारी शक्ति वन्दन अधिनियम'को प्रसङ्ग उठाउँदै संसद् र विधानसभामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न सबै राजनीतिक दललाई एकजुट हुन आह्वान गरे।

# कोलम्बियामा भूकम्पको कहर : २८७ को मृत्यु




एजेन्सी
कोलम्बिया ३० साउन । कोलम्बियामा गत सोमबार गएको विनाशकारी भूकम्पमा परी ज्यान गुमाउनेको सङ्ख्या २८७ पुगेको छ भने करिब ४०० जना अझै बेपत्ता रहेको जनाइएको छ। कोलम्बियाली अधिकारीहरूका अनुसार काली र पेरेरा सहरमा मात्रै कुल मृतकमध्ये करिब दुई तिहाइको मृत्यु भएको छ। घाइतेमध्ये आधाभन्दा बढीलाई प्रमुख सहरी केन्द्रका अस्पतालमा उपचारका लागि लगिएको जनाइएको छ।

पेरेरामा उद्धार टोलीहरू क्षतिग्रस्त एक होटलको भग्नावशेषमुनि फसेका चार जनाको उद्धारमा जुटिरहेका छन्। सरकारी तथ्याङ्कअनुसार पश्चिमी कोलम्बियाका हजारौँ आवासीय भवन, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक पूर्वाधारमा गम्भीर क्षति पुगेको छ।

भूकम्पका कारण हजारौँ परिवार विस्थापित भई अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन्। भूकम्पपछि आएका शक्तिशाली परकम्पहरूको शृङ्खलाले उद्धार तथा राहत कार्यलाई थप जटिल बनाएको छ भने पहिले नै क्षतिग्रस्त भवनहरूमा थप जोखिम बढाएको अधिकारीहरूले बताएका छन्।

# आइतबार पनि बन्द हुने लालगढ अस्पतालको ओपीडी

दैनिक समाचारदाता
महोत्तरी ३० साउन । बिरामीको अत्यधिक चाप रहने लालगढ कुष्ठरोग अस्पताल तथा सेवा केन्द्रले आगामी असोज १ गतेदेखि आइतबार पनि सार्वजनिक बिदा दिने भएको छ। आइतबार अस्पतालमा आउने बिरामीको सङ्ख्या उल्लेख्य रूपमा घटेपछि अस्पताल सञ्चालक समिति (बोर्ड) ले उक्त निर्णय गरेको हो।




नेपाल लेप्रोसी ट्रस्टद्वारा सञ्चालित यस अस्पतालमा हालसम्म शनिबार मात्र सार्वजनिक बिदा दिइँदै आएको थियो। नेपाल तथा भारतका विभिन्न स्थानबाट दैनिक ठूलो सङ्ख्यामा बिरामी आउने लालगढ अस्पतालमा पछिल्लो समय आइतबार सेवाग्राहीको चाप घट्दै गएको अस्पताल व्यवस्थापनले जनाएको छ।

अस्पताल व्यवस्थापन प्रमुख सुमन तामाङका अनुसार सामान्य अवस्थामा अस्पतालको बहिरङ्ग (ओपीडी) सेवामा दैनिक ४०० भन्दा बढी बिरामी आउने गरेका छन्। तर आइतबार बिदासम्बन्धी भ्रमका कारण आइतबार आउने बिरामीको सङ्ख्या घटेर करिब १०० देखि १५० जनामा सीमित हुन थालेको थियो। बिरामीको चापमा आएको कमीलाई ध्यानमा राख्दै बिहीबार बसेको अस्पताल सञ्चालक समितिको बैठकले असोज १ गतेदेखि आइतबार पनि बिदा दिने निर्णय गरेको तामाङले जानकारी दिए।

बोर्डको निर्णयसँगै अस्पतालको ओपीडी सेवाको समयतालिकासमेत परिवर्तन गरिएको छ। हाल शनिबारबाहेक साताको छ दिन सञ्चालन हुँदै आएको ओपीडी सेवा असोज १ गतेदेखि साताको पाँच दिन मात्र सञ्चालन हुनेछ।

ओपीडीको टिकट वितरण समय पनि बिहान ८ बजेदेखि अपराह्न ३ बजेसम्म कायम गरिएको छ। यसअघि बिहान ८:३० बजेदेखि अपराह्न २ बजेसम्म मात्र टिकट वितरण हुँदै आएको थियो। त्यसैगरी शुक्रबारको ओपीडी सेवा साँझ ५ बजेसम्म सञ्चालन गर्ने निर्णय गरिएको अस्पतालले जनाएको छ। यसअघि उक्त सेवा साँझ ४:३० बजेपछि बन्द हुँदै आएको थियो।

शनिबार र आइतबार ओपीडी सेवा बन्द भए पनि अन्तरङ्ग (आईपीडी) सेवा भने पूर्ववत् रूपमा सञ्चालन हुने अस्पताल व्यवस्थापन प्रमुख तामाङले बताए। हाल अस्पतालको आईपीडीमा ६५ जना बिरामी उपचाररत छन्।

अस्पतालका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ओपीडी सेवामार्फत एक लाख दुई हजार ८२ जनाले सेवा लिएका थिए। सोही अवधिमा ८७४ जना नयाँ कुष्ठरोगी फेला परेका थिए। तीमध्ये ६७० जनालाई आईपीडीमा भर्ना गरी उपचार गरिएको तामाङले जानकारी दिए।

## आर्थिक मन्दीका...........

महिलाको नाममा तथा ४७२ पुरुषको नाममा उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगमध्ये उत्पादनमूलक १३०, कृषिमूलक १८२, पर्यटनमूलक १२७, सूचनामूलक तीन र सेवामूलक ३३५ वटा रहेका छन्।

सूचना अधिकारी यादवका अनुसार मुलुकमा देखिएको आर्थिक मन्दी, रोजगारीका लागि युवाको बढ्दो विदेश पलायन, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु तथा पर्याप्त बजारको अभावजस्ता कारणले दर्ता भएका उद्योग तथा व्यवसाय क्रमशः विस्थापित हुँदै गएका छन्।

उद्योग तथा व्यवसाय सञ्चालन गर्नुभन्दा विदेश रोजगारीतर्फ आकर्षण बढ्दै गएपछि जनकपुरधामको मुख्य बजार क्षेत्रमा समेत २५ प्रतिशतभन्दा बढी सटर खाली रहेको व्यवसायीहरू बताउँछन्। लाखौँ रुपैयाँ लगानी गरेर उद्योग तथा व्यवसाय सञ्चालन गरे पनि अपेक्षाअनुसार आम्दानी हुन नसक्दा धेरै व्यवसायी व्यवसाय बन्द गर्न बाध्य भएका छन्।

जनकपुरका व्यापारीहरूका अनुसार कोरोना महामारीपछि देखिएको आर्थिक मन्दीको प्रभाव अझै पूर्ण रूपमा हट्न सकेको छैन। उपभोक्ताको क्रयशक्ति घट्नु, व्यापारमा अपेक्षित वृद्धि नहुनु र सञ्चालन खर्च बढ्दै जानुले साना तथा मझौला उद्योग-व्यवसाय सबैभन्दा बढी प्रभावित भएका छन्।

## मोदीलाई.....

शुभकामना सन्देशमा उहाँले नेपाल र भारतबीच रहेको गहिरो ऐतिहासिक सम्बन्ध, जनस्तरको निकटता तथा दुई देशबीचको सहकार्य आगामी दिनमा अझ सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभएको छ।

"नेपाल र भारतबीचका गहिरो ऐतिहासिक सम्बन्ध, जनताबीचको निकट सम्बन्ध र सहकार्य आगामी वर्षहरूमा अझ बलियो हुँदै जाओस्," प्रधानमन्त्री शाहले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ। रासस

## इन्डोनेसियामा......

"हामी क्षति र हताहतीको विवरण सङ्कलन गरिरहेका छौँ, तर सञ्चार सम्पर्कमा अवरोध छ," डार्मकोकोले भन्नुभयो । स्थानीय टेलिभिजनमा प्रसारित दृश्यमा भूकम्पपछि सावधानीस्वरूप अस्पतालका बिरामीलाई भवनबाहिर निकालिएको देखाइएको थियो । अस्पतालका कर्मचारीले ओछ्यान, अक्सिजन सिलिन्डर र अन्य उपकरण बाहिर सारेर आपत्कालीन उपचारका लागि अस्थायी क्षेत्र तयार गरेका थिए ।

*फ्लोरेसमा ठुलो क्षति*

भूकम्प फ्लोरेस टापुको अधिकांश क्षेत्रमा महसुस गरिएको थियो । प्रारम्भिक विवरणअनुसार सिक्का र माउमेरे क्षेत्रमा भवनहरूमा ठुलो क्षति पुगेको छ ।

सिक्का रिजेन्सीकी बासिन्दा योहाना एम्बुले भूकम्पका कारण धेरै भवनमा क्षति पुगेको र त्रसित मानिसहरू अग्लो स्थानतर्फ भागेको बताउनुभयो । "यहाँ धेरै भवनमा क्षति पुगेको छ । मैले माउमेरेस्थित बन्दरगाह टर्मिनलको प्रतीक्षालय भत्किएको देखेँ," उहाँले भन्नुभयो ।

सिक्कास्थित सेन्ट पिटर मेजर सेमिनरीमा बिहानको प्रार्थनाका लागि भेला भएका विद्यार्थीहरू पनि भूकम्पबाट प्रभावित भएका थिए । सभाहलको छत भत्किएपछि विद्यार्थीहरू भागेका थिए । सेमिनरीका रेक्टर रेभरेन्ड गाइडेलबर्टस टाङ्गाका अनुसार भवनको दोस्रो तलाबाट हाम फाल्दा कम्तीमा एक पादरीको खुट्टा भाँचिएको थियो ।

छिमेकी पश्चिम नुसा तेङ्गारा प्रान्तको बिमा सहरमा पनि भूकम्पले त्रास फैलाएको थियो । दक्षिणी सुलावेसी टापुका केही क्षेत्रमा पनि क्षतिको विवरण आएको छ ।इन्डोनेसियाली अधिकारीहरूले सुरुमा पूर्वी नुसा तेङ्गारा, पश्चिम नुसा तेङ्गारा, दक्षिण सुलावेसी र दक्षिणपूर्वी सुलावेसीका केही क्षेत्रमा सुनामी चेतावनी जारी गरेका थिए । बासिन्दालाई समुद्री तट तथा नदी किनारबाट टाढा रहन आग्रह गरिएको थियो ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४